# '३२ हजार वर्ष' पहिलेको ब्वाँसोको टाउको भेटियो

• रासस/एएफपी

मस्को, जेठ ३२ गते। रुसको उत्तरपूर्वी क्षेत्रमा झण्डै '३२ हजार वर्ष' अगाडि मरेको ब्वाँसोको टाउको भेटिएको रुसी वैज्ञानिकहरूले बताएका छन्।

धेरै गर्मीले याकिएको अवस्थामा तिरेख्त्याख नदीको किनारमा ब्वाँसोको टाउकोको अवशेष भेटिएको उनीहरूको भनाइ छ। वैज्ञानिकहरूले यसै गरी, नरम मासुको अंश र बलियो दाँत भेटिएको र त्यसको लम्बाइ ४१.५ सेन्टिमिटर रहेको पनि जानकारी दिएका छन्। आजभोलि पनि उक्त क्षेत्रमा ब्वाँसोको बासस्थान रहेको र तिनीहरूको टाउकोको नाप २५ सेन्टिमिटर लम्बाइ र ३१ सेन्टिमिटरसम्म चौडाइ हुने गरेको उनीहरूले बताएका छन्।

स्थानीय वैज्ञानिकहरूले त्यो टाउकोलाई अध्ययनका लागि टोकियोमा रहेको ओसियानिकको अध्ययन गर्ने स्विडेन विश्वविद्यालयमा पठाएको बताइएको छ। यस्तो हामीले पहिलोपटक देखेका हौं, याकुतिया विज्ञान प्रतिष्ठानका अल्बर्ट प्रोटोपोपोभले एएफपीसँग शुक्रबार भन्नुभयो। मरेको त्यो ब्वाँसो दुईदेखि चार वर्षसम्मको उमेरमा मरेको हुनसक्ने विश्वास गरिएको उहाँले बताउनुभयो। त्यस टाउकोका बारेमा रुस, जापान, स्विडेनलगायतका देशमा लगातार अध्ययन भइरहेको पनि प्रोटोपोपोभले जानकारी दिनुभयो।

# 'सेफ्टी ट्याङ्की' सफा गर्दा सातजनाको मृत्यु

• रासस/एएफपी

अहमदाबाद, भारत, जेठ ३२ गते। भारतको पश्चिमी क्षेत्रमा रहेको एउटा होटलको सेफ्टी ट्याङ्की सफा गर्ने क्रममा सात जनाको मृत्यु भएको छ।

स्थानीय प्रहरीले आइतबार दिएको जानकारीअनुसार घटनामा होटलका मालिक पनि दोषी देखिएका छन्। गुजरात राज्यको भाडोदारा जिल्लामा शुक्रबार राति घटना भएको अधिकारीले जनाएका छन्। उनीहरूले होटल मालिकले लापरबाही गरेको पनि बताएका छन्।

मृत्यु हुनेमा ट्याङ्की सफा गर्न बोलाइएका चार जना मजदुर र उनीहरूलाई सघाएका होटलमै काम गर्दै आएका अरु तीन जना रहेको प्रहरीले जनाएको छ। भारतमा हरेक वर्ष यस्तै घटनामा परी सयौं मजदुरको मृत्यु हुने गरेको छ। सफाइका लागि पर्याप्त स्रोत साधनको प्रयोग नगर्ने र लापरबाही गरेकाले उनीहरूको मृत्यु हुने गरेको अधिकारीले जनाएका छन्।

सुरुमा ट्याङ्कीमा एक जना पसेका थिए, उनी बाहिर निस्कन नसकेपछि अरु उनलाई निकाल्न भित्र गएका थिए तर उनीहरू पनि निस्कन सकेनन्, उद्धार कार्यको नेतृत्व गरेका भाडोदाराका अग्नि नियन्त्रण अधिकृत निकुञ्ज आजादले भन्नुभयो।

सफाइकै लागि आएका चार जना बाहिर आउन नसकेपछि होटलमा काम गर्ने अरु तीन जना गएका थिए। उनीहरू पनि बाहिर आउन नसकेको उहाँले बताउनुभयो। अहिले उनीहरू सबैका शव बाहिर निकालेर पोस्ट मार्टम गर्न पठाइएको आजादले जानकारी दिनुभएको छ।

# गौरीशंकर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा

सूचना प्रकाशित मिति : २०७६/०३/०१

## एम्बुलेन्स खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

१. प्रदेश सरकारको आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार शिलबन्दी दरभाउपत्रको माध्यमबाट एम्बुलेन्स खरिद गर्नु पर्ने भएकोले शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक दरभाउपत्र दाताहरुले यो सूचना प्रथम पटक प्रकाशित गरिएको मिति देखि १५ औं दिनको कार्यालय समय भित्र आफ्नो कम्पनि/फर्म/संस्थाको व्यवसाय दर्ता तथा नवीकरण गरेको इजाजत पत्रको प्रतिलिपि, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र उत्पादक कम्पनी वा नेपालमा रहेको आधिकारिक बिक्रेताबाट दरभाउपत्र दातालाई प्राप्त AuthorizationLetter को प्रमाणित प्रतिलिपि र स्वघोषणपत्र सहित रित पुर्वक निवेदन साथ दरभाउ पत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको खरिद इकाईबाट खरिद गर्न सकिने छ।

२. कार्यालयबाट खरिद गरिएका शिलबन्दी दरभाउपत्र फारामको महलहरुमा स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखी १६ औं दिनको १२ (बाह्र) बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्ने छ। कार्यालयमा दर्ता हुन आएका दरभाउपत्र फारामहरू यस कार्यालयमा उपस्थित प्रतिनिधि र दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। निजहरुको अनुपस्थितिमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदापछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. शिलबन्दी दरभाउपत्र फाराम साथ जमानत बापतको रकम यस कार्यालयको हिमालयन बैंक लि. गौरीशंकर शाखामा रहेको धरौटी खाता नं. ०४६०७६५०३९००१४ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनदेखि कम्तिमा ७५ दिन म्याद भएको जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ।

४. प्राप्त शिलबन्दी दरभाउपत्र कुनै कारण जनाई वा नजनाई आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ रित नपुगेका र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

५. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य सर्तहरु शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन।

६. यस सूचनामा उल्लेखित कुराहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा गाउपालिकाको खरिद नियमावली बमोजिम हुनेछ।

७. अन्य केहि कुरा बुझ्नु परेमा यस कार्यालयको खरिद इकाई वा फोन नं.०४९-६९१३२१ वा ईमेल gs.dolakha@gmail.com मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। साथै यो सूचना कार्यालयको वेभसाइट www.gaurishankarmun.gov.np मा हेर्न सकिनेछ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | दरभाउ पत्र फाराम दस्तुर रू. | जमानत रकम रु. |
|---|---|---|---|---|
| GRM/SQB/Goods/05-2075/076 | RHD, 4WD, Ambulance -As per Approved Technical Specification | १ (एक) थान | १,०००।- | ३०,०००।- |